A Mother's Experience: How internet has brought her children closer to her despite the distance – Chanchala Thapa

अहिलेको जमानामा internet भनेको एकदम जरुरी भईसक्यो । पहिले पहिले हाम्रो पालामा कहाँ कम्प्यूटर कहाँ internet हुनु , एउटा typewriter थियो तर आजकाल जमाना कहाँ बाट कहाँ पुगिसक्यो । यो communication को विकास सँगै मानब जीवनलाई कति सहज र सरल बानई दिएको छ । पहिले मेरो छोराहरु विदेश हुँदा कस्तो गार्‍हो थियो । एक चोटि Birthday wish गर्नु पर्यो भने पनि अहिलेको cyber जस्तै communication call भनेर टेलिफोन राखेर बसेको हुन्थ्यो त्यहाँ गएर १ मिनेटको कति पैसा लिन्थ्यो त्यो पनि बिर्सिसके बल्ल फोन मिलाई दिन्थ्यो, एकदम मधुरो सुनिन्थ्यो हल हल्लो गर्दै बल्ल छोराको सानो स्वर सुनेर Happy Birthday है बाबा भनेर राख्नु पर्थ्यो । यो त्यसै १४, १५ वर्ष पहिलेतिर को कुरा होला ।

र अलि पछि कम्प्यूटर internet को सहायताकले online chat गर्न पायो । एकदम खुशी लाग्ने U.S.A को छोरा, पुनामा पढ्दै गरेको छोरा र आफू काठमाण्डौमा बसेर सँगसँगै हजबत गर्न पाउँदा यति आनन्द लाग्थ्यो मानौ आफ्नो दुईवटै छोरा आफ्नो अगाडि लुटुपुटु गर्नै कुरा गर्दैछौ । अनि धन्य धन्य यो intetnet आविष्कार गर्नेलाई भनेर मुरी मुरी आशिस दिन्थ्यौ । हो पनि हेर्नुस् न आज यो internet को सहायताले कति सजिलो बनाई दिएको छ ।

पहिले पहिला mobile को नै कुरा गरुँ किन चाहियो जस्तो लाग्थ्यो अहिले ²यदषभि नभइए कुनै काम नै नहोला जस्तो भईसक्यो । आजकालका केटाकेटीहरु २,३ कक्षा देखि नै कम्प्यूटर चालाउँछ । अलि ठूलो केटाकेटिहरुको त साथी जस्तो भइसक्यो । उनीहरुले त mobile र कम्प्यूटर बिनाको जीवन पनि हुन्छ भनेर कल्पना पनि नसक्ने जस्तो भईसक्यो होइन त ?

त्यसैले हामीले पनि internet use गर्न सिक्नु नै पर्ने जस्तो लाग्छ । आफ्नो नाति नातिनीहरुले पनि लौ हजुर आमा ले त यति पनि जान्दैन भनेर खिल्लाी उडाउला भनेर पनि पिर । त्यसैले मैले यसको आवश्यकता महसुस गरेर छोराछोरीहरु सँग अलि अलि सिकेर धेरै त जानेको हुइन तैपनि आफूलाई चाहिने e-male, facebook, skype अलिअलि चलाउँछु । जुनसुकै चिजको पनि फाइदा र बेफाइदाहरु हुन्छ र हामीले फाईदाहरु धेरै भएको चिजहरु रोज्नु पर्छ भन्छ नी यस्मा त फाईदा अलि बढि छ । अब हेर्नुस न त्यो क्पथउभ ले गरेर कति सजिलो बनाई दिएको छ । मेरो छोरी अष्ट्रेलिया छिन् । फुर्सतमा जहिले पनि मुख हेरी हेरी कुरा गर्न पाउँछ लाग्छ यहि सँगै बसी कुरा ठट्टा गरि राखेका छौ । केहि नयाँ चिज किन्यो भनेपनि त्यसैबाट देखाउन सब मिल्छ । मनै आनन्द हुन्छ नत्र पहिला पहिला यस्सो नराम्रो सपना देख्यो भने पनि छट्पट् हुने, पिर हुने  अब यस्तो भयो भने तुरुन्त Skype खोल्यो कुरा गर्यो मन हल्का भई हाल्छ । दु : ख सुख सबै क्जबचभ गर्न मिल्यो

अब Facebook को कुरा गरौं । यसले गर्दा पनि सबै साथीभाइ नातागोताहरु सँग भेट हुन्छ । कहाँ छ के गरी राखेको छ सबै बृत्तान्त थाहा हुन्छ । नत्र महिलाहरुको बिहेपछिको साथी कहाँ को साथी कहाँ केहि थाहा हुदैन र जागिरे भए अवकास पछि घर बस्यो केहि थाहा नपाउने हयलतबहत नै हुँदैनथ्यो । अब त facebook बाट नै कुराकानी, Birthday wish कहाँ छ , छोराछोरी को हालचाल, फोटो सब हेर्न पाउनृ सब थाहा हुन्छ । आनन्द लाग्छ कसरी दिन बित्छ थाहा नै पाउदैन । त्यसैले मलाई लाग्दछ युवा युवतीहरुलाई भन्दा हामीहरु जस्तालाई एकदम काम लाग्दछ । दिन सजिलै बित्दछ । News हरु हेर्न, गीत सुन्न, पुराना पुराना फिल्महर हेर्न सब मिल्दछ ।

मानिस न हो कहिले खुशी कहिले त्यस्तै पनि दिक्क हुन्छ त्यस्तो बेलामा विभिन्न किसिमको नकभ हरु तासहरु खेलेर मन भुलाउन सकिन्छ । मनमा कुरा खेल्या भने पछि यस्सो गेमहरु खेल्यो, भजनहरु सुन्यो, भगवानको फोटोहरु हेर्यो मन concenteate हुन्छ । अनि एकछि fash feel हुन्छ ।

मैले पनि धेरै सिक्न बाँकि नै छ । आफ्नो छोरा बुहारीसँग सिक्दैछु र मलाई एकदम interest पनि लाग्छ । मलाई लाग्दछ सबैले internet बारे जानि राख्न एकदम जरुरी छ । हरेक field मा काम लाग्दछ जस्तो लाग्दछ ।